# महालेखा परीक्षकको कार्यालय

# सहभागितात्मक लेखापरीक्षण कार्यविधि

## २०७३

१. पृष्ठभूमि

लेखापरीक्षणको क्षेत्रमा भएको  निरन्तर  विकासले  लेखापरीक्षण कार्यमा सहभागितामूलक प्रकृयाद्वारा वित्तीय अनुशासनको परिपालनमा अभिवृद्धि, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको मूल्याङ्कनको प्रवर्द्धन, सार्बजनिक लेखापरीक्षणको बिश्वसनीयता अभिबृद्धी एवं पारदर्शिता प्रवर्द्धन  हुन गै जनविश्वास बढ्न जाने  र  कार्यान्वयनमा सहयोग प्राप्त हुन जाने  देखिन्छ ।

२. कार्यबिधिको उद्देश्य

वित्तीय उत्तरदायित्वको परिपालना र श्रोत साधनको उपलब्धिवारे लेखाजोखा गर्ने प्रयोजनका लागि महालेखा परीक्षकको कार्यालयले नागरिक समाजसंग रणनैतिक सहभागिताको स्थापना गरी लेखापरीक्षण कार्यमा  पारदर्शिता ल्याई जनसहभागिताद्वारा विश्सनीयता अभिवृद्धि गर्नु सहभागितात्मक लेखापरीक्षण कार्यबिधिको मूल उद्देश्य रहेको छ ।

३. नाम र प्रारम्भः

यो कार्यबिधिको नाम 'सहभागितात्मक लेखापरीक्षण कार्यबिधि २०७३, रहेको छ । यो कार्यबिधि स्वीकृत मिति ......देखि प्रारम्भ हुनेछ ।

४. परिभाषाः

यस कार्यबिधिमा प्रयोग गरिएका शव्द र अर्थ देहाय बमोजिम हुनेछः

४.१. लेखा परीक्षणः

लेखापरीक्षण भन्नाले महालेखा परीक्षकको कार्यालयबाट हुने लेखापरीक्षणलाइ जनाउने छ ।

४.२ कार्यमुलक लेखापरीक्षणः

स्रोत साधनको प्राप्ती र उपयोगमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता पक्षको मूल्याकंनका लागि गरिने लेखापरीक्षण कार्यलाइ जनाउने छ ।

४.३ नागरिक संस्थाः

नागरिक संस्था भन्नाले प्रचलित कानुन बमोजिम दर्ता भएका गैर नाफामुलक, गैर राजनीतिक तथा नागरिक सचेतना अभिबृद्धि गर्ने उद्देश्यले स्थापना भएका संस्थालाई जनाउने छ ।

५. नागरिक समाजको छनौट का आधारहरु

महालेखा परीक्षकको कार्यालयले वार्षिक रुपमा गर्ने बित्तीय तथा नियमिताको लेखापरीक्षण बाहेक कार्यमूलक तथा अन्य विशेष लेखापरीक्षण कार्यमा बार्षिक लेखा परीक्षण योजनाका आधारमा आवश्यतानुसार  नागरिक समाजलाई संलग्न गराउन सकिने छ । यस क्रममा नागरिक समाजको छनौट गर्दा निम्न आधार लिइने छः

क. प्रचलित ऐन अनुसार स्थानीय तहमा जिल्ला  प्रशासन  कार्यालयमा  संस्था दर्ता  भै नवीकरण भएको हुनु पर्ने ।

ख. लेखा परीक्षणमा सहभागी हुने विषयको  कार्य अनुभव, संस्थासंग आवद्ध व्यक्तिहरुका  विषयगत जानकारी, अनुभवी  र योग्य जनशक्ति हुनुपर्ने ।

ग. लेखापरीक्षण  गरिने योजना /आयोजना/ कार्यालयसंग प्रत्यक्ष /अप्रत्यक्ष कुनै किसिमको संलग्नता नरहेको हुनु पर्ने ।

घ. लेखापरीक्षण कार्यमा आवश्यक  सहयोग गर्न महालेखा परीक्षकको कार्यालयले जारी गरेको नीति निर्देशन तथा आचार संहिता, सूचना सम्बन्धी गोप्यता पालना गर्ने प्रतिवद्धता गर्नुपर्ने ।

ङ. संस्था र सो संग सम्बन्धित व्यक्ति निष्कलंक  र कुनै कानुनद्वारा कारवाही तथा सँजाय नपाएको हुनुपर्ने ।

च. संस्थाले अद्यावधिक कर बुझाएको तथा कुनै सरकारी बाकी नभएको हुनुपर्ने ।

छ. नागरिक समाज संस्था र त्यसका प्रतिनिधि कुनै राजनीतिक दलसंग आबद्ध भएको हुन नहुने ।

६  **नागरिक समाज को संलग्नता गराइने लेखा परीक्षण विषयको  छनौट**

क. महालेखा परीक्षकको कार्यालयले आफ्नो बार्षिक लेखापरीक्षण योजनामा आगामी बर्ष गरिने बित्तीय तथा नियमित लेखापरीक्षण बाहेकका कार्यमूलकतथा लेखापरीक्षणको विषय र प्रकृति, सो लेखापरीक्षणको कार्यक्षेत्र एवं नागरिक समाजको संलग्नता विषय तथा क्षेत्रको निर्धारण गर्ने छ ।

ख. लेखापरीक्षण कार्यमा नागरिक संस्था संलग्नता गराउने सम्बन्धमा लेखापरीक्षण योजना तर्जुमा गर्नु पूर्व केन्द्रीय स्तरमा एक गोष्ठी  गरी त्यसको आधारमा नागरिक समाज संलग्नता सम्बन्धी लेखापरीक्षण बार्षिक योजना तर्जुमा गर्न सकिने छः

ग. नागरिक समाज सहभागी गराई संचालन गरिने लेखापरीक्षण  विषयको छनौट गर्दा निम्न आधार लाई लिन सकिने छ ।

- आयोजनाका लागत खर्च
- आयोजनाले जनजीवनमा पार्ने प्रभाव
- कार्यक्रम कार्यान्वयनमा जनचासो

७ **कार्यक्रम को कार्यान्वयन**

कार्यमूलक लेखापरीक्षण निर्देशनालयले सहभागितात्मक लेखा परीक्षण कार्यको समन्वय गर्नेछ । कार्यमूलक लेखापरीक्षण निर्देशनालयले सहभागितात्मक लेखापरीक्षणको विषय बार्षिक योजनामा छनौट गर्न सिफारिश गर्ने र कार्यक्षत्रको निर्धारण गर्नेछ । लेखापरीक्षण कार्यमा नागरिक समाजको संलग्नता  सम्बन्धमा अपनाइने विषयगत प्रकृया अध्ययन विधि, यस्को कार्यक्षेत्र र जिल्लागत संलग्नता, नागरिक सामाजको छनौट  प्रकृया र भूमिका, नागरिक समाजको जिम्मेवारी र प्रतिवेदनको ढाँचा समेतको एक प्रारुप तयार गरी महालेखा परीक्षक वा तोकिएको पदाधिकारीबाट स्वीकृत गराई देहायका बूंदाहरु इकाइगत लेखापरीक्षण योजनामा समावेश गर्न सकिने छ ।

क. नागरिक समाज संलग्न गराइने लेखापरीक्षणको विषय,

ख. लेखापरीक्षणको उद्देश्य र कार्यक्षेत्र,

ग. लेखापरीक्षण गरिने जिल्ला तथा इकाई/ योजना/ कार्यालयहरु,

घ. लेखापरीक्षणमा अपनाउने विधि, प्रकृया र कार्य सम्पादन तालिका

ङ लेखापरीक्षण कार्यकालागि संकलन गरिने तथ्याङ्कको नमूना छनौट, विधि सरोकारवालासंगको छलफल आदि, तथ्याङ्क प्रशोधन र विश्लेषणको प्रारुप,

च. प्रतिवेदनको प्रारुप र नागरिक समाजको सहभागिता,

छ. नागरिक समाजको छनौट कार्यमा अपनाउने कार्यविधि र आधार,

ज. नागरिक समाजसंग गरिने सम्झौताको प्रारुप र गोपनियता आदि सम्बन्धी आबद्धताको ढाँचा,

झ. नागरिक समाजको कार्यक्षेत्र जिम्मेवारी र संलग्नता, विषयवस्तु एवं कार्यविधिवारे दिइने संक्षिप्त तालिम, छलफल कार्य र कार्य सम्पादन तालिका,

लेखापरीक्षणमा नागरिक समाजको संलग्नता सम्बन्धी कार्यान्वयन कार्यतालिक अनुसूची-१ बमोजिम हुनेछ ।

## ८. आसयपत्रको माग

आगामी आर्थिक वर्षमा बार्षिक लेखापरीक्षण योजनाका आधारमा नागरिक समाज सहितको सहभागितामा गरिने लेखा परीक्षणको विषय र कार्यक्षेत्र समेत खुलाइ नागरिक समाजको सहभागिता आमन्त्रण गर्न लेखापरीक्षण कार्यक्रम शुरु हुन अघि राष्ट्रिय दैनिक पत्रिकामा सुचना प्रकाशन गरिने छ । आशयपत्र आव्हन गर्ने सम्बन्धी सूचनाको नमूना अनुसूचि -२ मा छ ।

## ९. नागरिक समाजको छनौट

महालेखा परीक्षकको कार्यालय, कार्यमूलक लेखापरीक्षण निर्देशनालयले नागरिक समाजवाट प्राप्त सबै आशय पत्र तथा संलग्न कागजातहरु जाँची आवेदन दिएको विषय अनुसार सुची तयार गरी स्वीकृतीको लागि पेश गर्ने । आवेदक संस्थाको कार्य सम्पादन, अनुभव, संस्था संग आवद्ध व्यक्तिहरुको योग्यता र अनुभव आदिको आधारमा लेखापरीक्षण गरिने विषय अनुसार छनौट गरि स्विकृतिका लागि पेश गर्ने छ । संस्था छनौटको स्वीकृत पश्चात सो को जानकारी सम्बन्धित नागरिक समाजलाई दिइने छ ।

## १०.जिल्ला स्तरीय छलफल र कार्यकम कार्यान्वयन

स्वीकृत विषयको लेखा परीक्षण कार्यका लागी नागरिक समाजको छनौट पश्चात जिल्ला स्तरमा कार्य शुरु गर्नु अघि लेखापरीक्षण टोली प्रमुखले छनौट गरिएको नागरिक समाज र लेखापरीक्षण टोली सम्मिलित संयुक्त छलफल कार्यक्रम आयोजना गर्नेछ । उक्त छलफल कार्यक्रममा लेखा परीक्षण कार्यमा अपनाउने कार्यविधि , नागरिक समाज र लेखपरीक्षण टोलीको विषयगत जिम्मेवारी र क्षेत्र, आवश्यक तथ्याङ्क संकलन र विश्लेषण, कार्य सम्पादन तालिका प्रतिवेदनको प्रारुप एंव जिम्मेवारी आदि वारे विस्तृत छलफल गरिने छ ।

जिल्लास्तरमा गरिने लेखापरीक्षण कार्यको संयोजन लेखापरीक्षण टोली प्रमुखले गर्नेछ । नागरिक समाजले लेखापरीक्षण टोली प्रमुखको समन्ववयमा रहेर दिईएको आफ्नो जिम्मेवारी समयमा सम्पन्न गरी सो तथ्याङ्क, सुचना, प्रमाण सहित सम्पुर्ण कागजात सहितको प्रतिवेदन टोली प्रमुख समक्ष पेश गर्नु पर्ने छ ।

११. नागरिक सामाज को आबद्धता

लेखापरीक्षण कार्यमा नागरिक समाजको छनौट पश्चात नागरिक समाजलाई लेखापरीक्षणको बिषय, क्षेत्र र पालना गर्नु पर्ने आचार संहिता सहित देहायका बिषय सहितको आबद्धता पत्र दिइने छः

क. सहभागिताको बिषय, क्षेत्र र सीमा ।

ख. नागरिक समाजले पालना गर्नु पर्ने आचार संहिता ।

ग. सुचनाको गोप्यता, प्रयोग र प्रतिबन्ध ।

घ. Conflict of Intrest नरहेको विषयको स्पष्टता ।

ङ. लेखापरीक्षण कार्यमा नागरिक र समाजको संलग्नताको अवधि ।

च. लेखापरीक्षण कार्यमा नागरिक समाजको भूमिका

यस सम्बन्धी पत्रको नमूना अनुसूची-३ मा, ध्यान दिनुपर्ने विषय अनुसूची-४ र स्वार्थको द्वन्द (Conflict of Intrest) नरहेको घोषणा अनुसूची-५ मा उल्लेख छ ।

१२. नागरिक समाज ले गर्ने अधिकार प्रत्यायोजन

सहभागितामक लेखापरीक्षण कार्यमा छनौट गरिएका नागरिक समाज/ संस्थाले आशय पत्रमा उल्लेख भएका व्यक्ति मध्येबाट आफ्नो प्रतिनिधिलाई लेखा परीक्षण कार्यमा सहभागी हुन एवं आवश्यकता अनुसार सहयोग उपलब्ध गराउन अधिकार प्रदान गरिएको पत्र लेखापरीक्षण टोली लाई दिनु पर्नेछ ।

१३. तलव सुविधा

लेखापरीक्षण कार्यमा संलग्न हुने नागरिक समाजका प्रतिनिधिहरुलाई महालेखापरीक्षकको कार्यालयले कुनै आर्थिक दायित्व बहन गर्ने छैन । तालिम तथा तथ्याङ्क संकलन र विश्लेषण एवं रिपोर्ट तयारी कार्यमा लाग्ने सम्पूर्ण खर्च नागरिक समाज स्वयंले व्यहोर्नु पर्ने र नागरिक समाज/संस्थाले यस प्रयोजनका लागि लाग्ने लागत तथा खर्चको प्रस्ताव तयार गरी महालेखा परीक्षकको कार्यालयमा प्रस्तुत गर्नुपर्ने छ ।

१४. लेखापरीक्षण प्रतिबेदन

लेखापरीक्षणको प्रतिबेदन जारी गर्ने दायित्व महालेखा परीक्षकको कार्यालयमा रहने अवस्थामा नागरिक समाजबाट प्राप्त सुचना, तथ्याङ्क बिश्लेषण सहित समाबेश गर्ने वा नगर्ने सम्पूर्ण अधिकार महालेखा परिक्षकको कार्यालयमा रहने छ ।

१५. प्रमाण पत्र प्रदान गर्ने

लेखापरीक्षण कार्यामा संलग्न हुने नागरिक समाज संस्थाले प्रत्यायोजित सम्पूर्ण कार्य सन्तोषपूर्वक सम्पन्न गरि सकेपछि सो सहयोगको कदर गर्दै महालेखा परीक्षकको कार्यालयवाट लेखापरीक्षण सहभागिता सम्बन्धी प्रमाण पत्र प्रदान गर्न सकिनेछ ।

१६. <u>विवाद समाधान</u>

महालेखा परीक्षकको कार्यालयबाट लेखापरीक्षण कार्यमा खटिएको टोली र नागरिक समाज/संथाका प्रतिनिधि विच कुनै असमझदारी वा विवाद भएमा विवादको विषय , असमझदारीका बुँदा समाबेश गरी तयार गरेको प्रतिवेदन टोलि प्रमुखले महालेखा परीक्षकको कार्यालय ,कार्यमूलक लेखापरीक्षण निर्देशनालयमा पठाउनु पर्नेछ । सो निर्देशनालयले महालेखा परिक्षकको निर्देशन अनुसार निर्णय गरी लेखापरीक्षणटोली प्रमुखलाई पठाई नागरिक समाजका प्रतिनिधि संस्थालाई जानकारी गराउने छ ।

<u>१७. खारेजी</u>

नागरिक संस्थाको संलग्नता सम्बन्धी कार्यबिधि २०७२ खारेजी गरिएको छ ।

अनुसूचि –१

<u>कार्यमूलक वा अन्य विशेष लेखापरीक्षण कार्यमा नागरिक/समाजको सहभागिताका लागि अपनाईने कार्यक्रम र समय तालिका ।</u>

| कार्यक्रम | समय तालिका | जिम्मेवार निकाय |
|---|---|---|
| १. नागरिक समाजको सहभागितामा आगामी बर्ष गरिने लेखा परीक्षणको विषय र कार्यक्षत्र को निर्धारण गरी बार्षिक लेखा परीक्षण योजनामा समाबेश गर्ने | जेष्ठ तेश्रो हप्ता | योजना निर्देशनालय |
| २.कार्यमूलक लेखापरीक्षण महाशाखाले विषयगत रुपमा नागरिक समाजको सहभागिताका कार्यक्षेत्र, नागरीक समाजको छनौट, तालिम तथा छलफल कार्यक्रम, कार्यसम्पादनका लागि अपनाइने विधि योजना र समय तालिका यस्का लागी आवश्यक जनशक्ति एवं श्रोत र साधन आदी का विस्तृत प्रतिवेदन तैयार गरि सिवकृती गर्ने । | आषाढ दोश्रो हप्ता | कार्यमूलक लेखापरीक्षण निर्देशनालय |
| ३. नागरिक समाजको सहभागिताका लागि आशय पत्र माग गरी राष्ट्रिय दैनिक पत्र मा प्रकाशित गर्ने | आषाढको तेश्रो हप्ता | कार्यमूलक लेखापरीक्षण निर्देशनालय/ सामान्य प्रशासन निर्देशनालय |
| ४.नागरिक समाजको सहभागितामा गरिने लेखापरीक्षणको बिधि, क्षेत्र, सीमा सहितको इकाइगत लेखा परीक्षण योजना स्वीकृत गर्ने | श्रावणको पहिलो हप्ता | कार्यमूलक लेखापरीक्षण निर्देशनालय/ सम्बन्धित निर्देशनालय |
| ५. प्राप्त आवेदन केलाई विषयगत रुपमा नागरिक समाजको छनौट गरी निर्णय गरी सो को जानकारी नागरिक समाजलाई दिने | श्रावणको दोश्रो हप्ता | कार्यमूलक लेखापरीक्षण निर्देशनालय/ सामान्य प्रशासन निर्देशनालय |
| ६. नागरिक समाजको सहभागितामा गरिने कार्यमूलक तथा अन्य लेखा परीक्षण टोली गठन गर्ने | श्रावणको चौथो हप्ता | कार्यमूलकलेखापरीक्षण निर्देशनालय/ सम्बन्धित निर्देशनालय |
| ७. जिल्लास्तरमा लेखापरीक्षण टोली र छनौट गरिएका नागरीक समाजको प्रतिनिधिहरु वीच कार्यमूलक वा अन्य विशेष लेखापरीक्षणको विषय | श्रावणको चौथो हप्ता | कार्यमूलकलेखापरीक्षण निर्देशनालय/ सम्बन्धित निर्देशनालय |

| | | |
|---|---|---|
| वारे जानकारी गराउने सोको विधि प्रकृया र कर्यासम्पादन समय तालिका, प्रतिवेदन बारे नागरिक समाज प्रतिनिधिसंग आवश्यक तालिम वारे छलफल गर्ने । | | |
| ८. कार्यमूलक लेखापरीक्षण गरिने संस्था/योजना/आयोजना संग छलफल एवं कार्य सम्पादन मा नागरिक समाजको भूमिका वारे जानकारी गराउने । | श्रावणको चौथो हप्ता | कार्यमूलक लेखापरीक्षण निर्देशनालय/ सम्बन्धित निर्देशनालय/ लेखापरीक्षण टोली |
| ९. तथ्याङ्क संकलन  कार्यका लागी प्रयोग गर्ने सर्वे डिजाइन र प्रश्नावली आदि तयार , | भाद्रको दोश्रो हप्ता | कार्यमूलकलेखापरीक्षण निर्देशनालय/ सम्बन्धित निर्देशनालय/ लेखापरीक्षण टोली |
| १०. तथ्याङ्क विश्लेषण, प्रमाण र सरोकारवाला संग छलफल | भाद्र तेश्रो हप्ता | नागरिक समाज संस्था/ लेखापरीक्षण टोली |
| ११.नागरिक समाजले आफ्नो प्रतिवेदन टोलि  प्रमुखलाई वुझाउने | लेखापरीक्षण टोलीले तोकेको समय भित्र | लेखापरीक्षण टोली/ छनौट भएका नागरिक संस्थाका प्रतिनिधी |
| १२. नागरिक समाजले प्रस्तुत गरेको प्रतिवेदनमा छलफल र स्वीकृति प्रदान गरी प्रतिवेदनमा आवश्यकतानुसार समाविष्ट गर्ने । | लेखापरीक्षण टोलीले तोकेको समय भित्र | लेखापरीक्षण टोली |
| १३. लेखापरीक्षण कार्यमा सहभागी नागरिक समाजको सहयोगको कदर स्वरुप प्रमाण पत्र प्रदान गर्ने | माघ अन्तिम हप्ता | कार्यमूलक लेखापरीक्षण निर्देशनालय/ सामान्य प्रशासन निर्देशनालय |

**अनुसूची – २**

श्री महालेखा परीक्षकको कार्यालयले आगामी बर्षमा तपसिलका विषयहरुमा नागरिक समाज समेतको सहभागितामा लेखापरीक्षण.........................................मा संचालन गरिने हुदा सो विषयमा अध्ययन, अनुसन्धान तथा स्थानीय स्तरमा कार्य गरी अनुभव प्राप्त संस्थाहरुवाट मिति.......... ....... भित्र निम्न कागजातहरु संलग्नगरी आशय पत्र दिनुहुन यो सुचना जारी गरिएको छ ।

<u>सूचना</u>

| संलग्न हुने विषय | कार्य क्षेत्र | (जिल्ला ) |
|---|---|---|
| १. | | |
| २. | | |
| ३. | | |
| ४. | | |
| ५. | | |

आशय पत्र प्राप्त हुनु पर्ने अन्तिम मिति : –

<u>संलग्न गर्नु पर्ने कागजातहरु</u>

क. संस्थाको नाम एवं दर्ता मिति र दर्ता प्रमाण

ख. संस्था संग आबद्ध व्यक्तिहरुको योग्यता र अनुभव / बायोडाटा

ग. संस्थाले विगतमा गरेका अध्ययन अनुसन्धान एवं स्थानिय स्तरमा गरेका कार्यहरुका विवरण

घ. कर चुक्ता प्रमाण –पत्र

नोटः इच्छुक संस्थाले लेखा परीक्षण गरिने विषय, कार्यक्षेत्र, विधि तथा प्रकृया एवं संस्था को जिम्मेवारी आदीवारे जान्न चाहेमा महालेखा परीक्षकको कार्यालयको website www.oag.gov.np वा टेलिफोन ......मा सम्पर्क गर्नु हुन अनुरोध छ ।

अनुसूची - ३

## महालेखा परीक्षकको कार्यालय

### कार्यमूलक लेखापरीक्षण निर्देशनालय

### लेखा परीक्षण आबद्धता पत्र

श्री...................

................

महालेखा परीक्षकको कार्यालयको बार्षिक लेखा परीक्षण योजना, इकाइगत लेखा परीक्षण योजना तथा मिति .....को निर्णय अनुसार ............बिषय/ योजना/ कार्यालयको लेखापरीक्षण कार्यमा इकाइगत लेखापरीक्षण योजना, लेखापरीक्षण मापदण्ड, लेखा परीक्षण पद्धति, क्षेत्र, सीमा तथा प्रचलित कानुनका अधीनमा रही त्यस सस्था सहितको सहभागितामा लेखापरीक्षण कार्य सम्पन्न गरिने हुनाले ........... देखि............. सम्मका लागि यो आबद्धता प्रत्र प्रदान गरिएको छ । सम्बन्धित लेखा परीक्षण टोलीको सम्पर्क तथा समन्वयमा रही यस पत्रसाथ पालना गर्नुपर्ने व्यहोराका अधीनमा रही लेखा परीक्षण कार्यमा सहभागी भै उल्लेखित समय भित्र तोकिएको कार्य सम्पादन गर्नुहुन समेत अनुरोध छ ।

..............

निर्देशक

कार्यमूलक लेखापरीक्षण निर्देशनालय

अनुसूची - ४

## नागरिक समाज संस्थाले ध्यान दिनुपर्ने विषय

क. सम्बन्धित विषय वस्तुमा दखल भएको र तालिम प्राप्त प्रतिनिधि उपलब्ध गराउने, ।

ख. लेखापरीक्षणमा सहभागी हुने बिषयको इकाइगत योजनाका आधारमा लेखापरीक्षणमा आवद्धता एवं सूचना उपलव्ध गराउनुपर्ने सूचना संकलन विधि समेतको कार्यान्वयन योजना टोली समक्ष उपलब्ध गराउने ।

ग. नागरिक समाजका प्रतिनिधिले लेखापरीक्षण कार्यमा सहयोग गर्दा लेखा परीक्षण सम्बन्धी ऐन, नियम र निर्देशन पालन गर्ने ।

घ. लेखापरीक्षण कार्य समाप्त भै सकेपछि यस कार्यमा प्रयोग गरिएको प्रश्नावली, छलफलको माईन्यूटस, तथ्याङ्क, प्रमाण लगायत सम्पुर्ण विवरण लेखापरीक्षण टोलीलाई बुझाउने ।

ङ. लेखापरीक्षण कार्यमा संलग्न नागरिक समाज/संस्थाको प्रतिनिधित्व गर्ने व्यक्तिले परीक्षण कार्यवाट प्राप्त सूचना लगायत आफूले संकलन गरेको सम्पुर्ण तथ्याङ्क, छलफल, प्रमाण तथा बिद्युतीय सूचना समेत अन्यत्र प्रयोग गर्न नहुने सुनिश्चितता गर्नु पर्दछ ।

च. सूचनाको गोप्यता भंग गरेको पाईएमा नागरिक समाजसंग गरिएको यस सम्झौता लगायत अन्य सम्पूर्ण संझौता भंग गरी प्रचलित कानुन बमोजिम कारबाही गरिने छ ।

छ. लेखापरीक्षणमा नागरिक समाजको सहभागिता कार्यक्रम स्वयंसेवी प्रकृतिको भएको हुनाले सम्बद्ध हुने नागरिक समाज वा प्रतिनिधिले कुनै किसिको तलब र भत्ता प्राप्त गर्ने छैन ।

ज. सहभागी नागरिक समाजले आफुलाई सुम्पिएको जिम्मेवारी पूरागर्न आवश्यक न्यूनतम खर्च/लागत बारे प्रस्ताव तयार गरी कार्यमूलक लेखापरीक्षण निर्देशनालयमा पेश गर्नुपर्ने छ ।

झ. लेखा परीक्षण कार्यमा सहभागी हुने इकाइ/ बिषय/ योजना/ कार्यालय तथा कार्यरत कर्मचारीसंग कुनै किसिमको बाझिने स्वार्थ (CONFLICT OF INTREST) नभएको घोषणा गर्नुपर्ने ।

ञ) नागरिक समाज र यसका प्रतिनिधि कुनै पनि राजनीतिक दलसंग आवद्ध भएको हुन नहुने ।

अनुसूची – ५

# स्वार्थको द्वन्द नरहेको घोषणा

# DECLARATION OF CONFLICT OF INTREST

................................ समाज/संस्थाको अध्यक्षको हैसियतले म ................ ........................ ले यो प्रमाणित गर्दछु कि म वा मेरो श्रीमती , छोरा , छोरी लगायत परिवारका कुनै पनि सदस्यको ..................................आयोजना/ कार्यालयसंग कुनै किसिम को सम्बन्ध वा संग्लनता नभएको र आफै पनि यो संग सरोकार वा यस्का विषयवस्तुसंग बाझिने कुनै स्वर्थ (conflict of intrest) नभएको घोषणा गर्दछु ।

.............................................                                   ............................

नाम                                   मिति

पद

नागरिक समाज संस्थाको नाम